कविता

## चाहानाको घाम

मैले चाहेको घाम त्यो हो
त्यो घाम,
जाडोमा धनीमानीको
बाक्लो ढाड देखि
कापिरहेका नाङ्गा- नाङ्गा
आङहरुमा पनि
ताप्न पाउ ।
सोलार इनर्जीका
महङ्गा-महङ्गा प्यानल देखि
मान्द्रा भरी फिजिएका
बिस्कुन माथि टल्किरहेको
देख्न पाउ ।
त्यो घाम
शहरका चिल्लो सडक देखि
गाउ पाखाका साघुरा गल्छि र
गोरेटाहरुमा पनि देख्न पाउ ।

पाँच तले महल भित्रका सोफा देखि
झुपडी भित्रका खोसेले पिरा र
पराले गुन्द्री माथि पनि
ओछ्याउन  पाउ ।
तर,
हिजो जस्तो
कालो बादलले नछेकोस् त्यसलाई
बाक्लो तुवालो पनि नलागोस त्यसमा ।
अनि
त्यो घामले छाला नपोलोस कसैको
घाटी नसुकाओस कसैको
ह्रिदय नडढाओस कसैको ।
ए ! गणतन्त्र
के त्यो घाम मलाई
कन्जुस नगरी दिन सक्छौं ?

टुकेन्द्र पौरखी
ठेगाना - लक्ष्मीपुर-५,ईलाम
हालः इपोह, मलेसिया